# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाण्डौं असार १ गते २०५४ साल (अतिरिक्तांक १२

## भाग ३

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले गाउँ विकास समिति ऐन, २०४८ को दफा ५१, नगरपालिका ऐन, २०४८ को दफा ७० र जिल्ला विकास समिति ऐन, २०४८ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(क) खण्ड ४६, संख्या ५१, मिति २०५३।१२।२५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम साविक स्थानीय निकायका पदाधिकारी एवं सदस्यहरुको पदावधि २०५४।३।१५ सम्मका लागि थप गरिएकोमा गाउं विकास समिति ऐन, २०४८ र नगरपालिका ऐन, २०४८ बमोजिम नेपाल अधिराज्यका अधिकांश गाउं विकास समिति र नगरपालिकाका पदाधिकारी एवं सदस्यहरुको निर्वाचन सम्पन्न भै सकेको तथा निर्वाचन सम्पन्न भै नसकेका स्थानीय निकायको निर्वाचनको लागि निर्वाचन आयोगले आवश्यक तयारी समेत गरिसकेकोले उक्त सूचना खारेज गरिएको छ ।

(ख) गाउं विकास समिति र नगरपालिका पदाधिकारी एवं सदस्यहरुको पदावधि माथि खण्ड (क) बमोजिम समाप्त हुने र नव निर्वाचित पदाधिकारी एवं सदस्यहरुको पदावधि २०५४।४।१ देखि मात्र गणना गरिने कानूनी प्रावधान रहेको हुँदा निर्वाचन सम्पन्न भइसकेका गाउं विकास समिति र नगरपालिकाको कार्य त्यसरी साविक पदाधिकारीको पदावधि समाप्त भएको मितिदेखि २०५४ साल आषाढ मसान्तसम्म गाउं विकास समिति ऐन, २०४८ को दफा ५१ तथा नगरपालिका ऐन, २०४८ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी सो गाउं विकास समिति र नगरपालिकाका नव निर्वाचित पदाधिकारी एवं सदस्यहरुबाट संचालन हुने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) निर्वाचन सम्पन्न भई नसकेका नेपाल अधिराज्यका गाउं विकास समिति, नगरपालिका र जिल्ला विकास समितिका साविक पदाधिकारीको पदावधि माथि खण्ड (क) वमोजिम समाप्त भएको हुँदा ती निकायहरुको कार्य गाउं विकास समिति ऐन, २०४८ को दफा ५१, नगरपालिका ऐन, २०४८ को दफा ७० तथा जिल्ला विकास समिति ऐन, २०४८ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी त्यस्ता निकायहरुको निर्वाचन सम्पन्न भै परिणाम घोषणा नहुन्जेल सम्मका लागि गाउं विकास समितिको हकमा गाउं विकास समितिको सचिव, नगरपालिकाको हकमा कार्यकारी अधिकृत र जिल्ला विकास समितिको हकमा स्थानीय विकास अधिकारीबाट संचालन हुने ।

(घ) माथि खण्ड (क) बमोजिम साविक पदाधिकारी एवं सदस्यको म्याद समाप्त भै ती निकायहरुको कार्य गर्न खण्ड (ग) बमोजिम तत् तत् निकायका सचिवहरुलाई तोकिएकोमा निर्वाचन सम्पन्न नभएका कुनै गाउं विकास समिति, नगरपालिका र जिल्ला विकास समितिको निर्वाचन २०५४ साल आषाढ मसान्त भित्र सम्पन्न भएमा त्यसरी निर्वाचन सम्पन्न भै परिणाम घोषणा भएको मितिदेखि २०५४ साल आषाढ मसान्तसम्म त्यस्ता गाउं विकास समिति, नगरपालिका र जिल्ला विकास समितिको कार्य नव निर्वाचित पदाधिकारी एवं सदस्यहरुबाट संचालन हुने ।

(ङ) खण्ड ४६, अतिरिक्तांक ५५ (ङ०+३) मिति २०५३।१०।११ र खण्ड ४६, अतिरिक्तांक ६५ (क+१), मिति २०५३।१२।१४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठन गरीएका नगरपालीकाका नव निर्वाचीत पदाधिकारी एवं सदस्यहरुको पदावधि २०५४।४।१ देखि मात्र गणना हुने हुँदा ती नगरपालिकाहरुको कार्य २०५४ साल आषाढ मसान्तसम्म तत् तत् नगरपालिकाका लागि नव निर्वाचित पदाधिकारी एवं सदस्यहरुबाट संचालन हुने ।

आज्ञाले,

**विश्व राज रेग्मी**

*श्री ५ को सरकारको सचिव*

मुद्रण विभाग,



50 मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।